परिशिष्ट २०

नयाँ करारमा डिकनहरू

यो अध्ययनमा हामीले लगातार 'डाइकोनोस' (diakonos) भन्ने ग्रीक एकवचन शब्द र 'डाइकोनोइ' (diakonoi) भन्ने ग्रीक बहुबचन शब्दलाई नेपालीमा 'डिकन' र 'डिकनहरू' भनेर अनुवाद गर्दछौं। डिकनहरू को हुन् त?

हामी नयाँ करारमा तीन वटा मण्डलीहरूमा मात्र डिकनहरू थिए भनी पढ्छौं र तिनीहरू तीन वटै सन्दर्भहरूमा एल्डरहरूसँग जोडिएका छन्। तापनि, स्थानीय मण्डलीलाई अगुवाइ गर्न ती डिकनहरू चुनिएका र नियुक्त भएका थिएनन्, तर मण्डलीभित्र केही विशेष कामहरूमा अगुवाइ गर्नको निम्ति मात्र तिनीहरू चुनिएका र नियुक्त भएका थिए।

१. डिकनहरूका सीमाहरू

(१) डिकनहरू आफ्ना नियुक्तिको बारेमा सीमित थिए।

बाइबलीय शिक्षा - डिकनहरूको सन्दर्भमा नयाँ करारले केही सीमितपनाहरू छन् भनी सिकाउँछ। मण्डलीमा एल्डरहरू नियुक्त गर्नुपर्छ भनी बाइबलले सिकाउँदै गर्दा, त्यहाँ डिकनहरूलाई नियुक्त गरिनुपर्छ भनी बाइबलले सिकाउँदैन।

बाइबलीय इतिहास - यरूशलेमको मण्डलीलाई छोडेर (प्रेरित ६:१-७), अरू दुई मण्डलीहरूमा मात्र डिकनहरू थिए भनी बाइबलमा उल्लेख गरिएको छ; र ती मण्डलीहरू फिलिप्पीको मण्डली (फिलिप्पी १:१) र एफिसीको मण्डली (१ तिमोथी ३:८-११) हुन्। यसर्थ, नयाँ करारअनुसार हरेक मण्डलीमा डिकनहरू राख्न आवश्यक थिएन। यरूशलेम मण्डलीमा डिकनहरूलाई विशेष कामको लागि र सीमित समयको लागि मात्र नियुक्त गरिएको थियो। उदाहरणको लागि भन्ने हो भने फिलिपलाई सीमित अवधिको लागि मात्र नियुक्त गरिएको थियो (प्रेरित ६:५; ८:४-५)।

(२) डिकनहरू आफ्ना अगुवापनको बारेमा सीमित हुन्थे।

डिकनहरूले एल्डरहरूको स्थान लिनु हुँदैन। डिकनहरूको कामहरू एल्डहरूको कामहरूभन्दा फरक हुन्छन्। डिकनको कार्यभार कहिले पनि सम्पूर्ण मण्डलीको अगुवापनको कार्यभार हुन सक्दैन! डिकनहरूको समितिले मण्डलीको अगुवापनमा रहेको एल्डरहरूको समूहलाई (Greek: presbuterion, १ तिमोथी ४:१४) प्रतिस्थापन गर्नु हुँदैन। वास्तवमा डिकनहरूको समिति नहुनु नै राम्रो हो। डिकनहरूलाई एल्डरहरूको देखरेखमा काम गर्न दिनु पर्दछ। डिकनहरूको काम सेवा गर्नु हो, तर मण्डलीको मामलाहरूलाई नियन्त्रण र सञ्चालन गर्नु होइन।

एल्डरहरूले मण्डलीको विशेष सेवाहरू अथवा क्रियाकलापहरूमा अगुवाइ गर्ने काम डिकनहरूलाई सुम्पन सक्छन्। एल्डरहरूले केही क्रियाकलापहरू डिकनहरूलाई सुम्पिए तापनि, ती एल्डरहरू मण्डलीको अगुवाहरूप्रति र सबै सेवाहरू अथवा क्रियाकलापहरूप्रति जिम्मेवार रहन्छन्।

(३) डिकनहरू आफ्ना कामहरूको बारेमा सीमित हुन्थे।

डिकनहरूको कामहरू मण्डलीको साधारण सदस्यहरूको कामहरूभन्दा पनि फरक हुन्छ। 'डिकन' शब्दको अर्थ 'सेवक' हो। प्रेरित ६:१-७ अनुसार मण्डलीमा अति विशेष सेवाको निम्ति डिकनहरू छानिएका थिए। तैपनि, १ पत्रुस ४:१०-११ अनुसार मण्डलीको सबै सदस्यहरूले आफ्नो सीप, क्षमता र आत्मिक वरदानहरू प्रयोग गर्दै मण्डलीमा सक्रियरूपमा सेवा गर्नुपर्दछ। त्यसकारण, डिकनहरूले मण्डलीको अरू सदस्यहरूको सेवालाई प्रतिस्थापन गर्नुहुँदैन।

२. डिकनहरूको बाइबलीय योग्यताहरू

प्रेरित ६:३; १ तिमोथी ३:८-१३ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - डिकनहरूको बाइबलीय आवश्यक्ताहरू अथवा योग्यताहरू के-के हुन्?

टिप्पणी - डिकनहरूलाई समुदायमा तिनीहरूको ओहोदा, शक्ति अथवा सम्पत्तिको कारणले कहिले पनि छान्नुहुँदैन, तर तिनीहरूको व्यक्तिगत व्यवहार, पारिवारिक जीवन र सेवकाइको दक्षताको आधारमा छान्नुपर्दछ।

३. डिकनहरूको कामहरू

प्रेरित ६:१-२; याकूब १:२७; २:१५-१७; १ यूहन्ना ३:१६-१८; २ कोरिन्थी ८ र ९ अध्यायहरू पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - डिकनहरूको विशेष कामहरू के-के हुन्?
टिप्पणी -

(१) डिकनहरूको कामहरू एल्डरहरूको कामहरू भन्दा फरक हुन्छन्।
डिकनहरूले एल्डरहरूको स्थान लिनुहुँदैन। डिकनहरूको समितिले एल्डरहरूको समूहलाई प्रतिस्थापन गर्नुहुँदैन। डिकनहरूको काम भनेको सेवा गर्नु हो, मण्डलीको विभिन्न मामलाहरूलाई नियन्त्रण (अगुवाइ) गर्नु होइन।

(२) डिकनहरूको कामहरू मण्डलीको साधारण सदस्यहरूको कामहरूभन्दा पनि फरक हुन्छन्।
डिकनहरूले साधारण इसाईहरूको स्थान लिनुहुँदन र तिनीहरूले मण्डलीमा गर्नुपर्ने सबै कामहरू गर्नुहुँदैन।

(३) डिकनहरूको विशेष काम भनेको वचन प्रचार र मण्डली वृद्धिको नतिजास्वरूपमा निस्कने नयाँ अवस्थाहरू (परिस्थितिहरू)को वास्ता गर्नु हो।

प्रेरित ६:१-७ पढ्नुहोस्।

टिप्पणी - यरूशलेमको पहिलो ऐतिहासिक मण्डलीमा अति विशेष कामको कारणले गर्दा डिकनहरू नियुक्त गरिएका थिए। चेलाहरूको सङ्ख्या ५,००० भन्दा बढी भएपछि त्यहाँ विशेष समस्या खडा भयो - त्यतिबेला दैनिक भोजन वितरण गरिँदा केही मानिसहरूलाई वास्ता गरिएन। तसर्थ, त्यो कामको निम्ति प्रेरितहरूले उक्त मण्डलीका सदस्यहरूसँग मिलेर तिनीहरूकै माझबाट विशेष सेवाको निम्ति केही मानिसहरूलाई छाने। उक्त मण्डलीका एल्डरहरूले आफ्ना कामहरू गर्नुपरेकोले गर्दा खाँचोमा परेका सबै सदस्यहरूलाई वास्ता र सेवा गर्न उनीहरूसँग पर्याप्त समय र शक्ति नभएकोले गर्दा ती डिकनहरू छानिएका थिए। त्यसकारण, डिकनहरूलाई विशेष सेवाहरूको निम्ति सीमित पारिनुपर्दछ, जसको निम्ति विशेष सीपहरू खाँचो पर्दछ अथवा विश्वासीहरूको समूहले बेवास्ता गरेका कामहरू उनीहरूले गर्नुपर्दछ। त्यसकारण, डिकनहरू प्राय: एल्डरहरूको समूहले तोकिदिएको विशेष कामहरूको अगुवाहरू बन्दछन्। डिकनहरू मण्डलीभित्रका विशेष समूहमा अगुवा अथवा शिक्षकहरू हुन सक्छन्: जस्तै: जवानहरूको अगुवा, सुसमाचार प्रचार अभियान अथवा दया देखाउने कार्यक्रमहरूको संयोजक, आर्थिक कुराहरूको प्रशासक आदि। एल्डरहरू अगुवापनको कामहरू कार्यान्वयन गर्ने अगुवाहरू हुन् भने डिकनहरू सेवाको कामहरू कार्यान्वयन गर्ने अगुवाहरू हुन्।

(४) डिकनहरूको परम्परागत काम भनेको मण्डलीमा खाँचोमा परेका सदस्यहरूको वास्ता गर्नु हो।

प्रेरित ६:१-२; १ कोरिन्थी १६:२-३; याकूब १:२७; २:१५-१७; १ यूहन्ना ३:१६-१८ पढ्नुहोस्।

टिप्पणी - नयाँ करारमा एल्डरहरूले आफ्ना कामहरू गर्दा, खाँचोमा परेकाहरूलाई वास्ता गर्न तिनीहरूसँग दक्षता, समय अथवा शक्ति नभएकोले गर्दा डिकनकहरूलाई छानिएको थियो। डिकनहरूको एउटा विशेष काम भनेको इसाईहरूले परमेश्वरलाई चढाएको भेटीहरू जम्मा गर्नु हो र त्यसपछि तिनीहरूले त्यसलाई उचित ढङ्गमा उपहारस्वरूप आफ्नै मण्डलीका खाँचोमा परेका मानिसहरूलाई बाँडिदिनु हो। २ कोरिन्थी ८ र ९ (८:४,२०; ९:१,१२,१३) अनुसार खाँचोमा परेको अरू मण्डलीहरूलाई सहायता गर्न पनि तिनीहरूले ती उपहारहरूलाई प्रयोग गर्न सक्छन्।

सारंश - यदि डिकनहरूलाई चुनिन्छन् भने, तिनीहरूलाई मण्डली अगुवाइ गर्न चुनिँदैन, तर मण्डलीमे विशेष कामहरूद्वारा सेवा गर्नको निम्ति चुनिन्छन्। तिनीहरूले मण्डलीको अरू सदस्यहरूको सेवाहरूलाई प्रतिस्थापन गर्नु हुँदैन, तर विशेष सीप आवश्यक पर्ने अथवा मण्डलीका सदस्यहरूले बेवास्ता गरेका कामहरू गरेर सेवा गर्नुपर्दछ। तिनीहरूले गर्ने काम र तिनीहरूको योग्यताहरू बाइबलले निर्धारण गर्दछ। तिनीहरूको विशेष काम पूरा होउञ्जेल तिनीहरूले सेवा गर्दछन्।